# भक्तपुर नगरपालिकाको चौथो नगरसभा (पहिलो दिन)

## २०७५ पुस 30 गते, सोमबार

१) भक्तपुर नगरपालिकाको चौथो नगरसभाका सभाअध्यक्ष भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले औपचारिक उद्घाटन कार्यक्रम पश्चात भनपा सभाकक्षमा सभाको सुरुवात गर्नुभयो ।

२) सभाअध्यक्ष प्रजापतिले निर्माण समितिका संयोजक उकेश कवांलाई आ.व. २०७५/७६ को लागि विनियोजित वार्षिक बजेटको रकमान्तरण सम्बन्धी प्रस्ताव पेश गर्न समय प्रदान गर्नुभयो ।

३) निर्माण समितिका संयोजक उकेश कवांबाट रकमान्तरण प्रस्ताव पेश गर्नुभयो ।

४) सभाअध्यक्ष सुनिल प्रजापतिले विधायन समितिका संयोजक हरिराम सुवाललाई नवदुर्गाको मुकुन्डो निर्माण अक्षयकोष व्यवस्थापन निर्देशिका २०७५ छलफलको लागि समय प्रदान गर्नुभयो ।

५) विधायन समितिका संयोजक सुवालले उक्त निर्देशिका सभामा पेश गर्नुभयो ।

६) सभाअध्यक्ष प्रजापतिले शिक्षा समितिका सदस्य रविन्द्र ज्याख्वलाई भक्तपुर नपाको चौथो नगरसभा उद्घाटन कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन प्रस्ताव प्रस्तुत गर्न समय प्रदान गर्नुभयो ।

७) सदस्य ज्याख्वले सभामा धन्यवाद ज्ञापन प्रस्ताव पेश गर्नुभयो ।

८) सभाअध्यक्ष सुनिल प्रजापतिले सो प्रस्ताव पारित गर्न सभामा प्रस्तुत गर्नुभयो ।

९) सभामा सर्वसमितिले आ.व. २०७५/७६ को लागि विनियोजित वार्षिक बजेटको रकमान्तरण सम्बन्धी प्रस्ताव पारित भयो ।

१०) सभाअध्यक्ष प्रजापतिले भोलि २०७५ माघ १ गते दिनको १ बजे अर्को बैठक बस्ने जानकारी गराउनुभयो ।

# भक्तपुर नगरपालिकाको चौथो नगरसभा (दोस्रो दिन)

## २०७५ माघ १ गते, मंगलबार

१) भक्तपुर नगरपालिकाको चौथो नगरसभाको बैठक मंगलबार भनपा सभाकक्षमा सभाअध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सुरु गर्नुभयो ।

२) बैठकको सुरुमा सभा अध्यक्षबाट सभासद्हरूलाई नगरपालिकाको विभिन्न गतितिविधिहरुबारे बोल्नको लागि विशेष समयको व्यवस्था गरी राय सुझाव संकलनको लागि समय प्रदान गर्नुभयो ।

३) विशेष समयमा सभासद्हरू पूर्णगोपाल राजचल, बलराम न्हिसुतु, श्यामसुन्दर मातां,सम्झना खाइजु, जितेन्द्र मुनंकर्मी, कृष्णगोपाल छुस्याबाग, इन्द्रबहादुर प्याथ, रञ्जना त्वातीले बोल्नुभयो ।

४) सभासद्हरुले दिनुभएको सुझाव र जिज्ञासाहरुलाई सम्बोधन गर्न सभाअध्यक्ष प्र जापतिले सम्बन्धित समितिका संयोजकहरुलाई समय प्रदान गर्नुभयो ।

१) आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो ।

२) संयोजक बासुकलाले सभासद्हरुले बोल्नु भएको विषयमा प्रष्ट पार्दै सहकारी संस्थाहरुको जगेडा कोषको १० प्रतिशत सुरक्षण कोष कार्यविधि तयार पारेर परिचालन गर्ने र वडाका लेखापालहरुलाई तालिमको तयारी भइरहेको प्रष्ट पार्नुभयो ।

३) सभाअध्यक्ष सुनिल प्रजापतिले खानेपानी समितिका संयोजक महेन्द्र खायमलीलाई समय प्रदान गर्नुभयो ।

४) संयोजक महेन्द्र खायमलीले भक्तपुर नपामा खानेपानी मुख्य समस्याको रुपमा रहेको तर यसको सबै अधिकार काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा निहीत रहेको जानकारी गराउनुहुँदै नगरका विभिन्न स्थानहरुमा खानेपानीको पाइप बिछ्याउने काम भएको, तुमचोमा खानेपानीको व्यवस्था गर्न काउखालीलाई आवश्यक नक्सा मात्र बनाउने जिम्मा दिएको र मेलम्चीको पानी पाण्डुबजारको ट्याङ्कीमा जम्मा भएपछि वितरणको लागि आवश्यक पाइप बिछ्याउन पत्राचार गरिसकेको जानकारी गराउनुभयो ।

५) सभाअध्यक्ष सुनिल प्रजापतिबाट अनुमति प्राप्त गरी निर्माण समितिका संयोजक उकेश कवांले लिबाली क्षेत्रमा पीच गर्न यस आ.व.मा बजेट विनियोजन नभएको, आदर निकेतन निर्माण गर्न आवश्यक तयारी भइरहेको, मसानघाटसँगै पार्टी प्यालेस उपयुक्त नभएको, प्राविधिक कारणले लिबाली क्षेत्रको सडक पीच गर्ने काम ढिलाइ भएको बताउनुभयो ।

६) सभाअध्यक्ष सुनिल प्रजापतिले वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति एवम् स्वास्थ्य समितिका संयोजक रविन्द्र ज्याख्वलाई सम्बन्धित समितिहरु बारे प्रष्ट पार्न समय प्रदान गर्नुभयो ।

७) संयोजक रविन्द्र ज्याख्वले सम्बन्धित सरोकारवालाहरुसँग पर्याप्त छलफलपछि मात्रै टौमढी क्षेत्रमा बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दैनिक चारपांग्रे सवारीसाधन प्रवेश निषेध गरेको, बैकल्पिक मार्ग व्यवस्थापनको लागि ट्राफिकसँग सरसल्लाह भइरहेको, खलाँमा गाडी चलाउन मिल्ने गरी आवश्यक व्यवस्था गर्न तयारी भइरहेको, बिस्केट जात्रा व्यवस्थित ढंगले सञ्चालन गर्न आवश्यक तयारी भइरहेको, सानो ठाउँमा धेरै फोहोर व्यवस्थापन गर्न मिल्ने गरी तयारी भइरहेको, जनस्वास्थ्य केन्द्रलाई अझ व्यवस्थित गर्न फार्मेसी स्थानान्तरणको लागि तयारी भइरहेको, प्रयोगशाला भवन सडक मापदण्डमा पर्ने भएकोले सोको स्थानान्तरण गरी आधुनिक यन्त्र–उपकरण सम्पन्न गर्न योजना भइरहेको, जनस्वास्थ्य केन्द्रमा नयाँ कर्मचारी भर्ना गरी कम्प्युटर प्रणालीबाट टिकेटिङ व्यवस्था गर्न तयारी भइरहेको, ढलको स्लाब फेर्नको लागि नयाँ स्लाबहरु बनिसकेको र छिट्टै पुनःस्थापित हुने स्पष्ट पार्नुभयो ।

८) सभाअध्यक्ष सुनिल प्रजापतिले आ.व. २०७५/७६ को लागि विनियोजित वार्षिक बजेट रकमान्तरण प्रस्तावमाथि छलफल गर्न सभासद्हरूलाई समय प्रदान गर्नुभयो ।

९) छलफलमा सभासद्हरू ज्ञानकुमार मगजु, राजेन्द्र माक, सिद्धिराम अवालले आ–आफ्नो सुझावहरू राख्नुभयो ।

१०) सभासद्हरूले उठाएका विभिन्न विषयहरूलाई स्पष्ट पार्दै निर्माण समितिका संयोजक उकेश कवांले राजकुलोको विषयमा छलफल भएको तर धेरै बजेट लाग्ने भएकोले यो आ.व.मा सम्भव नभएको, प्राविधिक कारणले यो वर्ष पाँच तल्ले मन्दिर जीर्णोद्धार सम्भव नहुने भएकोले यसको रकमान्तरण गरेको र हनुमन्ते खोला ब्रम्हायणीदेखि नै सुरु हुने भएकोले यसलाई यही रुपमा बुझ्न सभासद्हरूलाई अनुरोध गर्दै स्पष्ट पार्नुभयो ।

११) सभाध्यक्ष सुनिल प्रजापतिले आर्थिक वर्ष २०७५/७६ को लागि विनियोजित वार्षिक बजेटको रकमान्तरण प्रस्ताव निर्णयार्थ बैठकमा पेश गर्नुभयो ।

१२) बैठकबाट सर्वसम्मतिले आ.व. २०७५/७६ को लागि विनियोजित वार्षिक बजेट रकमान्तरण प्रस्ताव पारित भयो ।

१३) आधा घण्टाको लागि बैठक स्थगित गर्नुभयो ।

१३) बैठक पुनः सुरु गर्नुहुँदै सभाअध्यक्षले नवदुर्गा मुकुन्डो निर्माण अक्षयकोष व्यवस्थापन निर्देशिका २०७५ मा छलफलको लागि सभासद्हरुलाई समय प्रदान गर्नुभयो ।

१४) छलफलमा सभासद्हरू राजेन्द्र माक, हरिरत्न गोर्खाली, गोविन्द दुवाल, सिद्धिराम अवाल, जितेन्द्र मुनंकर्मी, शिव वालाले आ–आफ्नो जिज्ञासा र सुझावहरू राख्नुभयो ।

१५) सभासद्हरूको जिज्ञासा र सुझाव प्राप्त भएपछि सभाअध्यक्ष सुनिल प्रजापतिले विधायन समितिका संयोजक हरिराम सुवाललाई प्रस्ट पार्न समय प्रदान गर्नुभयो ।

१६) विधायन समितिका संयोजक हरिराम सुवालले सभासद्हरुको जिज्ञासा सम्बोधन गर्दै अक्षय कोषको रकम ‘क’ वर्गको बढी ब्याज दिने बैङ्कमा जम्मा गर्ने तयारी भइरहेको, अन्य जात्रा र पर्व सञ्चालनसम्बन्धी विषय यो निर्देशिकामा उल्लेख गर्न जरुरी नभएको, अष्टमीसम्म मुकुन्डो निर्माण सकी नवमीमा प्रदर्शनी गर्ने गरी संशोधन गर्न सकिने र समितिमा नपाका प्रतिनिधिको बहुमत हुने गरी सदस्य राख्न उपयुक्त हुने र दाताहरूबाट सहयोग संकलन कार्य सहज बनाउन गुठी र जिल्ला प्रशासन कार्यालयसमेतलाई समितिमा सदस्य बनाएको स्पष्ट पार्नुभयो ।

१७) सभाअध्यक्ष सुनिल प्रजापतिले नवदुर्गाको मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका २०७५ निर्णयार्थ सभामा पेश गर्नुभयो ।

१८) सभाले सर्वसम्मतिबाट उक्त मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका २०७५ पारित भयो ।

१९) सभाअध्यक्षले सभासद्हरुलाई शैक्षिक ऋण दिनेसम्बन्धमा बनेको निर्देशिका २०७५ र भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरणसम्बन्धी कार्यविधि २०७५ वितरण गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

२०) सभाअध्यक्षले अर्को बैठक माघ २ गते बुधबार दिनको १ बजे बस्ने गरी आजको बैठक सम्पन्न भएको जानकारी गराउनुभयो ।

## भक्तपुर नगरपालिकाको चौथो नगरसभाको तेस्रो दिन

## भक्तपुर, २०७५ माघ २ गते, बुधबार

१) भक्तपुर नगरपालिकाको चौथो नगरसभाको तेस्रो दिनको बैठक माघ २ गते बुधबार सभाअध्यक्ष सुनिल प्रजापतिले सुरु गर्नुहुँदैआजको कार्यसूचिमा सुरुमा वडा–वडाको प्रगति प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको सभालाई जानकारी गराउनुहुँदै क्रमशः वडा नं. १ देखि १० सम्मका वडाअध्यक्ष एवम् प्रतिनिधिलाई समय प्रदान गर्नुभयो ।

२) वडा नं. १ देखि १० सम्मका वडअध्यक्षज्यूहरु आ–आफ्नो वडाको प्रगति विवरण पेश गर्नुभयो ।

वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री
वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला
वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा
वडा नं. ४ का वडाध्यक्ष कुमार चवाल
वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य
वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल
वडा नं. ७ का वडाध्यक्ष उकेश कवां
वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली – वडा सदस्य शिवप्रसाद बाला
वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व
वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले

३) सभाअध्यक्षले बैठक बिहीबार १ बजे बस्ने जानकारी गराउनुभयो ।

## भक्तपुर नगरपालिकाको चौथो नगरसभाको चौथो दिन

## २०७५ माघ ३ गते, बिहीबार

१) भक्तपुर नगरपालिकाको चौथो नगरसभाको चौथौं दिनको बैठक सभाध्यक्ष सुनिल प्रजापतिले सभासद् हरूलाई स्वागत गर्नुहुँदै आरम्भ गर्नुभयो ।

२) सभाअध्यक्ष प्रजापतिले आजको कार्यसूचिअनुसार विशेष समयको व्यवस्था गरेको जानकारी गराउनुहुँदै सभासद्हरूलाई नपा र वडासँग सम्बन्धित भएर बोल्न चाहनेहरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

३) सभासद्हरूलाई बोल्नको लागि समय प्रदान गर्नुभयो ।

४) विशेष समयमा सभासद्हरु सिद्धिराम अवाल, राजेन्द्र माक, बलराम न्हिसुतु,सुर्यप्रसाद श्रेष्ठ, हरिरत्न गोर्खाली,जितेन्द्र मुनंकर्मी, गंगालक्ष्मी बमनुले,पूर्णगोपाल राजचल,राजकुमार शिल्पकार, सम्झना खाइजुले, श्यामसुन्दर मातां, शिवप्रसाद वाला, गोविन्द दुवाल लगायतले सुझाव दिनुभयो ।

५) सभाअध्यक्ष प्रजापतिले सभासद्हरूको जिज्ञासालाई प्रस्ट पार्न सुरुमा आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो ।

६) आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलाले सभासद्हरूको जिज्ञासालाई प्रस्ट पार्नुहुँदै जगेडा कोषको परिचालनको लागि कार्यविधि बनाइ लागु गर्ने, देको मिवा इतापाके आवास योजना उपभोक्ता समितिमार्फत् तीव्र गतिमा काम भइरहेको, खौमा क्षेत्रको पार्किङ व्यवस्था गर्न तयारी भइरहेको र हाल इन्द्रायणी सरोकार समाजले पार्किङ शुल्क उठाउँदै इन्द्रायणीको जात्रा सञ्चालन गरिरहेकोले सो सम्बन्धी छलफल भइरहेको र घर बहाल कर तथा डेरावालासँगको कर संकलन गरेर नगरपालिकाको राजस्व वृद्धि गर्ने तयारी भइरहेको स्पष्ट पार्नुभयो ।

७) सभाअध्यक्ष सुनिल प्रजापतिले महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशनमैया सुवाललाई सभासद्हरूले उठाउनुभएका विषयमा प्रस्ट पार्न समय प्रदान गर्नुभयो ।

८) संयोजक रोशन मैया सुवालले सभासद्हरूको जिज्ञासालाई स्पष्ट पार्दै नगरपालिकाद्वारा सञ्चालित विभिन्न वडाहरूका शिशु स्याहार केन्द्रमा घामको व्यवस्थासम्बन्धी विवरण पेश गर्नुभयो । उहाँले शिशु स्याहार केन्द्र शिशुहरूको स्याहारसुसार गर्दै पोषणयुक्त खाना र सरसफाइमा विशेष ध्यान दिइरहेको र विद्यालयको रुपमा सञ्चालन नगरेको प्रष्ट पार्दै शिक्षिकाहरूबाट अभिभावकहरूलाई विद्यालय रिफर नगरेको प्रस्ट पार्नुभयो ।

९) विशेष समयको समाप्तिपछि सभाअध्यक्ष सुनिल प्रजापतिले आधा घण्टाको लागि बैठक स्थगित गरेको जानकारी दिनुभयो ।

१०) आधा घण्टाको सभा स्थगतपश्चात सभाअध्यक्ष प्रजापतिले बैठक पुनः सञ्चालन गर्दै शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५ को छलफलमा भाग लिन चाहने सभासद्हरूलाई नाम टिपाउन र कर्मचारीहरूलाई नाम टिप्न निर्देशन दिनुभयो ।

११) छलफलमा सभासद्हरू जितेन्द्र मुनंकर्मी, हरिरत्न गोर्खाली, गोविन्द दुवाल, सिद्धिराम अवाल, बलराम न्हिसुतु, पुर्ण गोपाल राजचल, श्यामसुन्दर मातां, रञ्जना त्वाती, राजेन्द्र माक लगायतले आ–आफ्नो धारणा राख्नुभयो ।

१२) सभासद्हरूले उठाउनु भएका जिज्ञासालाई प्रस्ट पार्न विधायन समितिका संयोजक हरिराम सुवाललाई सभाअध्यक्ष सुनिल प्रजापतिले समय प्रदान गर्नुभयो ।

१३) संयोजक हरिराम सुवालले सभासद्हरूको जिज्ञासालाई स्पष्ट पार्दै परिवार संख्या कम हुने विद्यार्थीलाई समेत सम्बोधन गर्न 'सम्भव भएसम्म' भन्ने शब्द उल्लेख भएको, नगरपालिकाको बजेटलाई मध्यनजर राखी विद्यार्थीलाई ऋण दिने प्रावधान राखिएको र किस्ताबन्दीमा ऋण असुलउपर गर्दा विद्यार्थीलाई सजिलो हुने, ऋण प्रदान गरेको दिनदेखि नै ब्याज लाग्ने, अध्ययन सकिएको १ वर्षपछि देखि नै ऋण फिर्ता गर्नुपर्ने व्यवस्था उचित भएको, स्थायी बसोबासको अर्थ पुस्तैनीदेखि नगरमा बस्दै आएको र सक्कल प्रमाणपत्र नै धितो राख्नुपर्ने व्यवस्था भएको प्रस्ट पार्नुभयो ।

१३) सभामा सभाअध्यक्ष सुनिल प्रजापतिले शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५ स्थानीय तहको निर्वाचनको दौरानमा घोषणापत्रमा उल्लेख भएअनुसार नगरका गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्न सहयोग गर्ने उद्देश्यका साथ तयारी गरेको बताउनुहुँदै ऋण दुरुपयोग हुनेप्रति सचेत हुँदै आवश्यक प्रक्रिया अपनाई ऋण असुलउपर गर्ने व्यवस्था गरेको बताउनुभयो ।

१४) सभाअध्यक्ष सुनिल प्रजापतिले शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५ माथिको छलफल सकिएको जानकारी गराउनुहुँदै सो निर्देशिका पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत गर्नुभयो ।

१५) सभाले सर्वसम्मतिबाट शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५ पारित भयो ।

१६) सभाध्यक्ष सुनिल प्रजापतिले शुक्रबार माघ ४ गते दिनको १ बजे बैठक बस्ने गरी आजको लागि बैठक सम्पन्न भएको जानकारी गराउनुभयो ॥

भक्तपुर नगरसभाको चौथो नगरसभाको पाँचौ दिन

२०७५ माघ ४ गते शुक्रबार ।

१) सभाध्यक्ष सुनिल प्रजापतिले बैठक शुरु गर्नुहुँदै आजको कार्यसूचीबाट विशेष समय हटाइएको जानकारी गराउनु भयो ।

२) भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५ को छलफलमा बोल्न चाहनुहुने सभासदहरुले नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनुभयो ।

३) कार्यविधिको छलफलमा सभासद्हरु पूर्णगोपाल राजचल, तुल्सीलक्ष्मी वाटी, राजेन्द्र माक, हरिरत्न गोर्खाली, गोविन्द दुवाल लगायतले भाग लिनु आ–आफ्नो राय सुझाव र जिज्ञासा राख्नुभयो ।

४) सभासद्हरुबाट राय सुझाव र जिज्ञासा प्राप्त भएपछि सभाध्यक्ष प्रजापतिले सभासद्हरुको जिज्ञासालाई प्रष्ट पार्न विधायन समितिका संयोजक हरिराम सुवाललाई समय प्रदान गर्नुभयो ।

५) सभासद्हरुको जिज्ञासालाई स्पष्ट पार्दै संयोजक सुवालले कार्यविधिमा तेस्रो लिङ्गीलाई अपाङ्गतामा समावेश नगरेको, सरकारी कर्मचारी अपाङ्गता भएकाले परिचय पत्र पाउने तर सेवा सुविधा नपाउने, दफा ७ (ट) आवश्यक भएकोले हटाउन नपर्ने, परिचयपत्रमा म्याद उल्लेख गर्न नपर्ने, यो परिचपत्र अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण सम्बन्धी मात्र भएकोले अन्य विषयहरु उल्लेख गर्न नपर्ने तथा अपाङ्गता भएका व्यक्तिलाई सहज ढंगले परिचय पत्र वितरण गर्न यो कार्यविधि तयार पारेको स्पष्ट पार्नुभयो ।

६) सभाध्यक्षले भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५ पारित गन निर्णयार्थ सभामा पेश गर्नुभयो ।

७) सभाबाट सर्वसम्मतिले भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५ पारित भयो ।

८) सभाध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदनको छलफलमा भाग लिन चाहने सभासद्हरुको नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनुभयो ।

९) सभाध्यक्ष प्रजापतिले सभासद्हरुलाई लेखा समितिको प्रतिवेदनको छलफलमा भाग लिन समय प्रदान गर्नुभयो ।

१०) छलफलमा भाग लिंदै सभासद्हरु शिवप्रसाद वाला, बलराम न्हिसुतु, तुल्सीलक्ष्मी वाटी, गोविन्द दुवाल, राजेन्द्र माक लगायतले आ–आफ्नो राय सुझाव र जिज्ञासा राख्नुभयो ।

११) सभासदहरुको राय सुझाव र जिज्ञासा प्राप्त भएपछि सभाध्यक्ष प्रजापतिले सभासद्हरुको जिज्ञासा प्रष्ट पार्न लेखा समितिका संयोजक हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो ।

१२) सभासदहरुको जिज्ञासालाई सम्बोधन गर्नुहुँदै संयोजक बासुकलाले उपभोक्ता समितिले समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने । ४ जना विद्यार्थीले आन्तरिक लेखा परिक्षणको लागि इन्टर्नको लागि निवेदन दिएकोमा १ जना मात्र विद्यार्थी इन्टर्न गर्न आएको, संस्थागत ६० वटा विद्यालयहरु मध्ये २५ वटा विद्यालयको मात्र लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको र केहि विद्यालयहरुले लेखा परिक्षण सम्बन्धी नपाबाट सूचना पठाउनुभन्दा अगाडिनै लेखापरिक्षण गराईसकेको, १ जना लेखा परिक्षकले २ वा २ भन्दा बढी विद्यालयहरुमा लेखा परिक्षण गर्न सक्ने, सफाई मजदुर सिधै खरिद बाक्यांशको अर्थ टेण्डर आव्हान गरेर सफाई कार्य जिम्मा दिने भएको, टेण्डर आव्हान गर्दा सबैभन्दा घटी मूल्य राख्नेसँग सेवा वा सामान खरिद गर्नुपर्नेमा प्राविधिक कारणले दोस्रो हुने पक्षसँग सामान खरिद गरेकोले सो बाक्यांश प्रयोग भएको प्रष्ट पार्नुभयो ।

१३) सभाध्यक्ष सुनिल प्रजापतिले लेखा समितिको प्रतिवेदन पारित गर्न निर्णयार्थ सभामा पेश गर्नुभयो ।

१४) सर्वसम्मतिबाट लेखा समितिको प्रतिवेदन पास भयो ।

१५) भक्तपुर नगरपालिकाको युवा क्लब गठन तथा युवा संसद संचालन कार्यविधि २०७५ सभासदहरु लाई वितरण गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो

१६) बैठक ४ बजे पुनः बस्ने गरी स्थगित गरिएको जानकारी गराउनुभयो ।

१७) सभाध्यक्ष सुनिल प्रजापतिले बैठक पुनः सूचारु गर्नुहुँदै भक्तपुर नगरपालिकाबाट गठित विभिन्न समितिहरुको प्रतिवेदन पेश गर्ने कार्यक्रम भएको सभालाई जानकारी गराउनुहँदै निम्न समितिहरुका संयोजक एवं प्रतिनिधि सदस्यहरुलाई प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो ।

विभिन्न समितिका प्रतिवेदन प्रस्तुत गर्ने सभासदहरु

| समिति | पेश गर्ने |
|---|---|
| १. सहकारी अनुगमन समिति | – सदस्य श्यामसुन्दर माताङ्ग |
| २. महिला, वालवालिका तथा समाज कल्याण समिति | – संयोजक रोशन मैंया सुवाल |
| ३. कृषि तथा पशु समिति | – संयोजक राजकृष्ण गोरा |
| ४. बजार अनुगमन समिति | – संयोजक राजकृष्ण गोरा |
| ५. आर्थिक समति | – सदस्य लक्ष्मीप्रसाद ह्यौंमिखा |
| ६. युवा तथा खेलकुद समिति | – संयोजक श्यामकृष्ण खत्री |
| ७. विधायन समिति | – संयोजक हरिराम सुवाल |

८. निर्माण समिति – सदस्य कुमार चवाल

९. विद्यालय अनुगमन समिति – संयोजक उकेश कवां

१०. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति – संयोजक रविन्द्र ज्याख्व

१८) सभाध्यक्ष सुनिल प्रजापतिले अर्को बैठक सूचना प्रकाशित गरी बस्ने जानकारी गराउँदै आजको बैठक स्थगित भएको जानकारी गराउनुभयो ।